# नीति संक्षेप

# नेपालमा जलवायुमैत्री कृषि नीतिहरूमा विद्यमान अन्तर तथा चुनौतीहरूको समाधान

नेपाली अर्थतन्त्र तथा जीविकोपार्जनका लागि महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको कृषिमा जलवायु परिवर्तनले ठुलो असर पुऱ्याएको छ । विशेषत, जलवायु परिवर्तनले अनियमित तथा भारी वर्षा, सुक्खा, बाढी र कीटजन्य रोगहरू निम्त्याई परम्परागत कृषि प्रणालीमा अवरोध पुऱ्याएको छ, जसको फलस्वरूप समाजमा खाद्य असुरक्षाको खतरा रहिरहेको छ। जलवायु परिवर्तनले पार्ने असरहरूलाई कम गर्न जलवायुमैत्री कृषि प्रणालीलाई एक नवीन दृष्टिकोणको रूपमा लिइएको छ, जसले एकीकृत उपायअन्तर्गत अन्न तथा बाली उत्पादन बढाउन, जलवायु परिवर्तनका असरहरूप्रति सहनशक्ति निर्माण गर्न र उत्सर्जन घटाउन सहयोग पुऱ्याउन मद्दत गर्दछ । यस प्रणालीअन्तर्गत कृषि, वनसंरक्षण केन्द्रित कृषि अभ्यास, उन्नतशील बालीका प्रजातिहरूको प्रयोग र प्रभावकारी जल व्यवस्थापन जस्ता अभ्यासहरू गरिँदै आएका छन् ।

नेपालका बहुसंख्यक नागरिकहरू कृषिमा आश्रित रहेको अवस्थालाई मध्यनजर गर्दै, देशको वर्तमान संविधान तथा नयाँ शासकीय संरचनाले पनि जलवायुमैत्री कृषि अभ्यासलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण कदम चालेको छ । उदाहरणका लागि, नेपालको संविधान २०१५ ले धारा ३६ अन्तर्गत खाद्य सुरक्षा अधिकारको सुनिश्चितता गरिएको छ, र धारा ५१ (ज) र (छ) अन्तर्गत राज्यलाई जलवायु परिर्वतनको अनुकूलन र कृषि विकासको जिम्मेवारी दइिएको छ । साथै, संघीय स्वरूपमा चलेको राज्यको रूपमा, संविधानले कृषि र वातावरण व्यवस्थापनका अधिकार स्थानीय तहलाई सुम्पेको छ । त्यस्तै, जलवायु परिवर्तनको न्यूनीकरण तथा अनुकूलनको जिम्मेवारी तीन तहको सरकारबिच साझा रूपमा अनुसूची ८ र ९ अन्तर्गत प्रदान गरेको छ ।

यी माथि उल्लेखित विभिन्न नीतिगत तथा संरचनागत प्रयासहरूका बाबजुद जलवायुमैत्री नीति तथा अभ्यासहरूको अवलम्बनमा नेपालले विभिन्न किसिमका चुनौतीहरू भोग्दै आएको छ । संघ, प्रदेश र स्थानीय सरकारहरुबिच अन्तर सरकार समन्वय र सहकार्यको अभाव, नीतिगत असन्तुलन र कार्यान्वयनमा कमी तथा पर्याप्त स्रोतहरुको सुनिश्चितता हुन नसक्दा विभिन्न किसिमका जलवायुमैत्री नीति तथा अभ्यासहरुको अवलम्बनमा चुनौती रहिआएको छ भने जलवायु परिवर्तनको अनुकूलनका लागि प्रभावकारी रणनीतिहरुको विकासमा समेत बाधा पुऱ्याएको छ । साथै, नेपालले जलवायुमैत्री अभ्यासहरुप्रति प्रतिबद्धता जनाउने महत्त्वपूर्ण राष्ट्रिय र स्थानीय नीतिहरु जस्तै राष्ट्रिय जलवायु परिवर्तन नीति २०१९, कृषि विकास रणनीति २०१५-२०३५, राष्ट्रिय अनुकूलन कार्ययोजना २०१० र स्थानीय अनुकूलन कार्ययोजना २०११ निर्माण गरे पनि संस्थागत असक्षमता, अपर्याप्त वित्तीय स्रोत र सरकारबिचको समन्वयको कमीका कारणले यी नीतिहरुको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था विद्यमान रहेको छ ।

उपर्युक्त समस्याहरुको सन्दर्भमा यो नीति संक्षेपको उद्देश्य नेपालमा जलवायुमैत्री कृषि अभ्याससँग सम्बन्धित नीतिहरुको समग्र अवस्थाको बारेमा जानकारी प्रदान गर्नुका साथै यसको कार्यान्वयन र दिगोपन निर्माणमा सहयोग गर्नका निमित्त प्रमुख अन्तर तथा चुनौतीहरुको पहिचान गर्नु हो । यो नीति-पत्रले माथि उल्लेखित चुनौतीहरुको समाधानका लागि केही सिफारिसहरू र थप मार्गहरू प्रदान गर्ने लक्ष्य पनि राखेको छ ।

*यो नीति सङ्क्षिप्त, राष्ट्रिय नीति र प्रतिवेदनहरूको विस्तृत समीक्षा एवं स्थलगत अध्ययनबाट संकलन गरिएका प्राथमिक सूचनाहरूलाई आधार बनाएर तयार पारिएको हो ।*

# प्रमुख चुनौतीहरू

**१. जलवायुमैत्री कृषि अभ्यासको बृहत् एकीकरण तथा कार्यान्वयनको कमी :** नेपालले कृषि विकास रणनीति २०१५-२०३५, राष्ट्रिय जलवायु परिवर्तन नीति २०१९ र राष्ट्रिय अनुकूलन कार्ययोजना २०1० मार्फत जलवायुमैत्री अभ्यासहरू प्रवर्द्धन गनेप्रयास गरेको छ। तथापि, वर्तमान नीतिहरूमा जलवायुमैत्री अभ्यासहरूको विस्तृत तथा सिंगो रणनीति र विभिन्न क्षेत्र र तहहरूमा यसको सिद्धान्तलाई समाहित गर्ने स्पष्ट मार्गदर्शनको अभाव रहेको छ। परिणामस्वरूप, जलवायु परिवर्तनका असरविरुद्धको लडाइँका प्रयासहरू संकुचित भएका छन्, नीति र कार्यक्रमहरूबिच समन्वयको कमी रहेको छ भने तीनै तहका सरकारबाट यस्ता अभ्यासहरू प्रभावकारी रूपमा लागू गर्ने सन्दर्भमा पर्याप्त सहयोग उपलब्ध हुन सकेको छैन ।

**२. सरकारबिचको द्वन्द्वले नीति कार्यान्वयनमा विलम्ब र विश्वासमा देखिएको कमी :** नेपालमा तीन तहका सरकार को अधिकार क्षेत्रको अस्पष्टता, स्रोत वितरणको विवाद, र समन्वयमा देखिएका समस्याहरूका कारण नीति कार्यान्वयनमा विलम्ब हुने गरेको छ, जसले सार्वजनिक विश्वासलाई घटाउन प्रश्रय प्रदान गरेको छ। यसले समग्रमा नेपालको शासकीय संरचनाप्रति नै जनविश्वास घटाउने खतरा रहेको छ।

**३. जलवायु अनुकूलन र कृषि विकासमा पृथक दृष्टिकोण :** जैविक विविधताको संरक्षण, जलवायु अनुकूलन र कृषिको विकासका बिचमा एकीकृत अभ्यासको अभाव रहिआएको छ। यस्ले जलवायुमैत्री अभ्यासका रणनीतिको एकीकृत र कार्यान्वयन योग्य अवस्थाको तयारी गर्न अवरोध सिर्जना गरेको छ। यस किसिमको पृथकीकरणले जलवायुमैत्री अभ्यासका लागि आपसमा निहीत रणनीति विकासलाई अझ कठिन बनाउँदछ, जसले अन्तरसम्बन्धित क्षेत्रहरूमा नीति कार्यान्वयनलाई प्रभावकारी रूपमा मार्गदर्शन गर्न असहयोग गर्ने सम्भावना रहन जान्छ।

**४. स्थानीय रणनीतिहरूको अपर्याप्तता :** नेपालको भौगोलिक संरचना विविधतापूर्ण रहेको छ, जुन उच्च हिमालबाट समतल भूभागसम्म फैलिएको छ। यसले प्रत्येक क्षेत्रको विशेष आवश्यकताअनुसार जलवायुमैत्री हस्तक्षेपहरूको आवश्यकता औंल्याउँछ। जसअन्तर्गत जलवायु प्रतिरोधी बिउका प्रजातिहरू र बाली लगाउने प्रविधिहरू समाविष्ट छन्। तर, हालका रणनीतिहरू सामान्य परिभाषा अन्तर्गत निर्भर रहेका छन् र विभिन्न क्षेत्रका विशेष आवश्यकताहरूलाई सम्बोधन गर्न असफल रहेका छन्। यसले गर्दा किसानहरूलाई स्थानीय जलवायु परिस्थितिहरूसँग जुध्न र अनुकूलन अपनाउन तयारीको कमी निम्त्याउने देखिन्छ।

**५. अपर्याप्त वित्तीय संरचना र स्रोत वितरण :** जलवायु प्रतिरोधी कृषि आवश्यकताको पहिचान भए पनि अपर्याप्त वित्तीय सहयोग र स्रोत वितरणले गर्दा जलवायुमैत्री कृषि अभ्यासको कार्यान्वयनमा अवरोध पुऱ्याएको छ। यी अन्तरहरूमा प्रविधि, पूर्वाधार (सिँचाइ, भण्डारण सुविधाहरू, सुरुङ, यातायात), दक्ष जनशक्ति र किसानलाई स्थानीयस्तरमा सहयोग पुऱ्याउन आवश्यक क्षमता निर्माण कार्यक्रमहरूका लागि आवश्यक बजेट समावेश रहेका छन्।

**६. अपर्याप्त डाटा र अनुसन्धान :** नीति निर्माताहरूले नेपालमा कृषि क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव र जलवायुमैत्री कृषि अभ्यासहरूको प्रभावकारितामा पर्याप्त डाटा र अनुसन्धानको अभाव भोगिरहेका छन्। यसका साथै किसानहरूको पारम्परिक ज्ञान प्रायः नीतिहरू बनाउने क्रममा उपेक्षित गरेको पाइन्छ, जसका कारण स्थानीयस्तरमा रहेका वास्तविकताहरूसँग मेल नखाने कमजोर र अप्रभावी कार्यक्रमहरू बन्ने गरेका छन्।

**७. कमजोर अनुगमन र मूल्याङ्कन :** स्थलगत अध्ययनबाट प्राप्त निचोडअनुसार, जलवायुमैत्री कृषि अभ्यासहरुको आवश्यक अनुगमन र मूल्याङ्कन हुन नसक्दा स्रोतको सही उपयोग, अनुकूलन क्षमता र जलवायुमैत्री पद्धतिसँग किसानहरूको विश्वासमा कमी ल्याउँदछ। कार्यक्रम तथा परियोजनाको समाप्तिपश्चात् गरिनुपर्ने अनुगमन तथा मूल्याङ्कन प्रणालीको अभाव तथा अस्पष्ट जिम्मेवारीको कारणले पनि सोचेअनुसारको परिणाम हासिल गर्ने सवालमा बाधा पुऱ्याउँछ।

# मुख्य सुझावहरू

१. जलवायु अनुकूलन, जैविक विविधता संरक्षण र कृषि विकासलाई समग्र रूपमा अगाडि लैजाने जलवायुमैत्री कृषि अभ्यासको रणनीति विकास गर्न जरुरी रहेको छ । यसले सबै औपचारिक र अनौपचारिक क्षेत्रहरूमा कार्यान्वयनका लागि स्पष्ट मार्गदर्शन सुनिश्चित गर्न मद्दत पुऱ्याउँछ ।

२. संघ, प्रदेश र स्थानीय तहमा अधिकारिक मञ्चहरू स्थापना गरी तीनै तहका सरकारबिचको समन्वयलाई सुदृढ गर्नुपर्दछ । यसले अधिकार क्षेत्रको भूमिकाहरूलाई स्पष्ट पार्न मद्दत पुऱ्याउँछ र तीनै तहका सरकारहरूबिच सहयोग, सहकार्य र समन्वयलाई सहज बनाउँछ ।

३. नेपालको विविध भौगोलिक संरचना र कृषि-पर्यावरणीय क्षेत्रअनुसार विशेष जलवायुमैत्री अभ्यासको निर्माण गर्न जरुरी छ । यसबाट स्थानीयस्तरमा देखिएका चुनौतीहरू समाधान गर्न सहयोग पुग्दछ ।

४. स्थानीय तहमा जलवायुमैत्री अभ्यासका प्रविधि, पूर्वाधार तथा क्षमता निर्माणका लागि वित्तीय संरचनालाई सुदृढ गर्नुपर्ने देखिन्छ । यसका साथै लचिलो बजेट वितरण अत्यन्त आवश्यक छ, जसका माध्यमबाट स्रोतहरूलाई सबैभन्दा बढी आवश्यक स्थानमा परिचालन गर्न सकिन्छ ।

५. परियोजनाहरूको सम्पन्नतापछि पनि गरिएको प्रगतिको दिगोपन सुनिश्चित गर्नका लागि स्थानीय तहमा मजबुत र निष्पक्ष अनुगमन प्रणाली स्थापना गर्नुपर्ने देखिन्छ । नियमित अनुगमनले नै सफलता मूल्याङ्कन गर्न, अन्तरहरूको पहिचान गर्न र रणनीतिहरू अनुकूलन गर्न मद्दत पुऱ्याउँछ ।

६. स्थानीय चुनौतीहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि जलवायु परिवर्तनको प्रभाव र जलवायुमैत्री कृषि अभ्यासको प्रभावकारितामा आधारित डाटा सङ्कलन र अनुसन्धानमा आधारित नीति निर्माण गर्नुपर्दछ ।

७. कृषि क्षेत्रलाई औपचारिक बनाउन सबै किसानहरूले आफ्नो गुनासो पोख्न सक्ने एक मञ्च स्थापना गर्न आवश्यक रहेको छ । यस मञ्चमार्फत सबै किसानहरूलाई सरकारी पहलकदमीहरूको अधीनमा अनुदान र सहायतता प्राप्त गर्नका लागि एक माध्यम सिर्जना गर्न मद्दत गर्दछ । साथै, यस मञ्चका माध्यमद्वारा नीति निर्माता, सरकारी अधिकारी र क्षेत्रीय कर्मचारीलक्षित क्षमता निर्माण कार्यक्रम, तालिम र स्रोतहरू प्रदान गर्न आवश्यक छ । यसले उनीहरूलाई जलवायुमैत्री नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सीप र ज्ञान प्रदान गर्नेछ ।

## References


Government of Nepal. (2015). *Constitution of Nepal 2015*. Government of Nepal.

Ministry of Agriculture and Livestock Development (MoALD). (2015). *Agriculture Development Strategy 2015-2035*. Government of Nepal.

Ministry of Agriculture and Livestock Development (MoALD). (2013). *Seed Vision 2013-2025*. Government of Nepal.

Ministry of Forests and Environment. (2019). *Climate Change Policy 2019*. Government of Nepal.

Ministry of Forests and Environment. (2011). *Local Adaptation Plan of Action (LAPA)*. Government of Nepal.

Ministry of Forests and Environment. (2010). *National Adaptation Programme of Action (NAPA) 2010*. Government of Nepal.